# बेलडाँडी गाउँपालिकाबाट प्रकाशित

**खण्डः ६ संख्याः ४५ मितिः २०७९/१२/१४**

**बेलडाँडी, कञ्चनपुर, सुदूरपश्चिम प्रदेश, नेपाल**


## भाग ४

### स्थानीय सरकार

बेलडाडी गाउँपालिका, बेलडाडी कंचनपुर हानिकारक प्रचलन अन्त्य सम्वन्धि नीति–२०७९

१. पृष्ठभुमि

नेपालको संविधान, २०७२ देशको मूल कानुन हो । जसले समाजलाई नेतृत्व दिदै देशको शासन व्यवस्था, सामाजिक, सास्कृतिक पक्षको विचलनको व्यवस्थापन, गर्ने दिशा निर्देश गर्ने मूल कानुन को रुपमा समाज रुपान्तर गर्ने, कानुनी राज्यको महशुसिकरण, गर्न गराउन अहम भुमिका रहेको छ ।

नेपालको संविधान, २०७२ को भाग ३ मा मौलिक हक एवं नागरीको कर्तव्य को व्यवस्था गरीएको छ । जसको धारा १६ मा सम्मान पूर्वक बॉच्न पाउने हक, धारा १७ मा स्वतन्त्राको हक, धारा २४ मा छुवाछुत तथा भेदभाव

विरुद्धको हक, धारा २७ सुचनाको हक, धारा २९ मा शोषण विरुद्धको हक, धारा ३८ मा महिलाको हक, धारा ४० मा दलितको हक, धारा ४१ मा नागरीकको हक, धारा ४२ मा सामाजिक न्यायको हकको व्यस्था गरेको छ। यस बाट के स्पष्ट छ की नागरीकले सम्मान पूर्वक बाँच्न पाउने अधिकार को प्रयात्त व्यवस्था र भेदभाव रहित एवं न्यायपूर्ण र समता मूलक समाज र राष्ट्रको साकार स्वरुपको कल्पना गरेको छ । त्यसै गरी नेपाल राज्य ले अबलम्बन गरेका नीतिहरुको व्यवस्था धारा ५१ मा गरेको छ। धारा ५१ को (ञ) मा सामाजिक न्याय र समावेशिकरणको नीति अवलम्बन गरेकोछ।

नेपालको संविधानले भाग ३ मा मौलिक हक र कर्तव्य अर्न्तगत धारा १६ देखि धारा ४८ सम्मका मौलिक हकहरुको व्यवस्था संविधानमा गर्नुको पछाडी समाजमा विद्यमान हानिकार प्रचलनको अन्याधिकता हाम्रो समाजमा रहेको स्पष्ट संकेत गर्दछ। त्यस कारण समाजमा विद्यमान यी प्रचलनमा न्युनिकरण गर्दै एउटा आर्दश समाज निमार्ण गर्न एवं विद्यमान विकृतिका विरुद्ध नीति, रणनीति र कार्यदिशा तयार गर्न एवं सुधारको मार्गचित्रका लागि नीतिको आवश्यकता रहेको देखिन्छ। जसले संविधानले परीकल्पना गरेको समतामूलक समाज निमार्णका लागि सहज बनाउने छ।

वर्तमान संविधान अनुसार तहगत शासन व्यवस्था संघिय, प्रदेश र स्थानिय तहमा सरकारको व्यवस्था गरेको छ । साथै स्थानिय तह देशको मूल कानुनको परिधि भित्र रहि नीति र रणनीतिहरु बनाई स्थानिय तहमा आफ्नो आवश्यकता अनुसार नीति निमार्ण गरी सोको कार्यान्वयन गर्न पूर्ण स्वतन्त्र रहेको छ।

नेपालमा विगत तीन दशक देखि क्रमिक रुपमा नीतिगत परिवर्तन र नीतिगत सुधारहरु भएका छन् । महिला, वालबालिका र पछाडी परेका वर्गको विकासमा नेपाल सरकार दातृ निकाय र समाजका अन्य निकायहरुले उल्लेख्य कार्य सम्पन्न भएता पनि उल्लेख्य सुधारको अझै आवश्यकता देखिन्छ। अझै पनि यी वर्गहरुको मानव बिकास सुचकांक र राजनैतिक, आर्थिक पहुँच र शिक्षा एवं रोजगारका क्षेत्रमा अवस्थामा सुधार आउन सकेको छैन्।

तसर्थ, स्थानीय सरकार संञ्चालन ऐन २०७४ मा व्यवस्था भए अनुसारको अधिकारको प्रयोग गरी हानिकारक प्रचलन अन्त्य सम्बन्धी नीतिको निमार्ण





१८. सिकाई र उपलब्धिहरुको अभिलेखन र प्रतिवेदन

सामजिक रुपमा रहेका खराव प्रयास न्युनिकरण रणनीति कार्याव्यनका क्रममा उपलब्द्ध सिकाईहरु र प्रतिफलहरुलाई व्यवस्थीत गर्न प्रतिवेदन तयार गरी दस्तावेशीकरण गरीनेछ र उक्त दस्तावेजिकरणको अभिलेखिकरणको व्यवस्था पालिकाले गर्नेछ। ती प्रतिफल र सिकाईहरुको प्रतिवेदन प्रकाशन गरीने छ।

१९.विविधः संशोधन र परिमार्जन

यस गाउँपालिकाले यस नीतिको व्यवहारिक कार्यान्वयनका क्रममा देखिएका कमी कमजोरी तथा अपुग व्यवस्थाहरु आवश्यक्ता अनुसार थप संशोधन, परिमार्जन र व्याख्यन गर्न सक्नेछ।

गाउँकार्यपालिकाबाट स्वीकृत मिति : २०७९/०८/१५

आज्ञाले
पदम राज जोशी
प्रमुख प्रशासकीय अधिकृत

यस नीतिमा भएका प्रावधानहरुलाई स्थानीय तहमा कार्यान्वयन तथा अनुगमन गर्ने कार्यका साथै नीति अनुरुप समाजमा प्रचलित खराव प्रचनहरुलाई न्युनिकरण तथा सामाजिक समावेशीकरणको कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न गाउँपालिकास्तरमा देहाय वमोजिमको हानीकारक प्रचलन नीति कार्यान्वयन समिति रहने छ ।

क) उपाध्यक्ष गाउँपालिका संयोजक

ख) प्रमुख प्रशासकीय अधिकृत सदस्य

ग) संयोजक, सामाजिक विकास समिति सदस्य

घ) सामुदायिक संघसंस्थाहरु मध्येवाट संयोजकले तोकेको कम्तिमा एक जना महिलासहित तीन जना सदस्य

ङ) महिला तथा बालबालिका शाखा प्रमुख सदस्य सचिव

समितिले आवश्यकता अनुसार विषयसंग सम्वन्धित बिज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्ने छ ।

१६. साझेदार र सहयोगि निकायहरुको भुमिका

क) गाउँपालिकालाई अनुगमनको ढाँचा तयार गर्न सहयोग गर्ने ।

ख) गाउँपालिका र वडा स्तरमा कार्यक्रमको प्रगती प्रतिवेदन तयारी तथा सो को सामाजिक परीक्षण गर्न सहजिकरण गर्ने ।

ग) गाउँपालिकाको समुदाय स्तर सम्म पहुँचमा बृद्धि गर्न गाउँपालिकाको आवधिक, बार्षिक योजना लाई टेवा पुग्ने खालका योजनाहरुमा साझेदारीका लागि समन्वय गर्ने ।

घ) साझेदारी र समन्वयमा संञ्चालीत कार्यक्रमको आवधिक अनुगमन, मूल्याङ्कनमा सहयोगिको भुमिका निर्वाह गर्ने ।

१७. नीतिको पुनरावलोकल तथा सुधार

यस नीतिको कार्यान्वयनको प्रभावकारीता, उपयुक्तता र उपादेयताको मूल्याकंन गरी नीतिमा समसामयिक पुनरावलोकन तथा परिमार्जन एवं सुधार गरीनेछ । समान्यतया दुई/३ वर्षमा यस नीतिको पुनरावलोकन गरिने छ ।





गरी समाजमा विद्यमान हानिकार प्रचलनहरु बालविवाह, बहुविवाह, जबरजस्ती विवाह, सामाजिक भेदभाव, छुवाछुत, छाउवार्ने प्रचलनहरु, विभेदपूर्ण लिङ्ग छनोट, जातिय विभेद र अन्य परम्पराग कुरीतिहरुलाई संबोधन गर्न पहल अगाडी बढाउन सहज हुनेछ । समाजमा विद्यमान यी हानिकारक प्रचलनहरुले समाजमा विकृतिहरुको जन्म गराएको छ भने सामाजिक जटीलताहरुले गर्दा सामाजिक असहिष्णुता, आपसि वैमन्स्यतामा बृद्धि हुदाँ सामाजिक न्याय र समानतामा असहजता भएको छ ।

नेपालमा ऐतिहासिक रुपमा सिर्जना गरिएका विभेदपूर्ण नीतिहरु, संरचनाहरु र धार्मिक, सांस्कृतिक तथा सामाजिक मुल्य मान्यताहरुले छाउपडी प्रर्था, वालबिवाह, बहुबिवाह, जातीय विभेद र बहिष्करण प्रकृयालाई संरक्षण गरिरहयो । निरन्तर विभेद र बहिष्करणका कारण वहिष्करणमा पारिएका महिला तथा दलित समुदायका जनता र अन्य जनता बीचको असमानताको खाडल गहिरो बन्दै गयो । असमानता राजनीतिक तथा सामाजिक द्धन्द्धको कारण पनि बनिरहेको छ । यसले मुलुकको समग्र विकास र आर्थिक समाजिक रुपान्तरण प्रकृयामा बाधा पुर्‍याई रहेको छ ।

धार्मिक परम्पराको आडमा प्रचलित अव्याबहारिक र महिला तथा दलित प्रति पुर्वाग्रही सामाजिक मूल्य, मान्यता, संस्कार र संरचनाहरुको जडतामा अपेक्षित सुधार नहुँदा महिला तथा दलित प्रति हुने भेदभाव र हिंसाले निरन्तरता पाइरहेको छ । यस कारणले महिला तथा दलित र कथित उपल्लो जात तथा पुरुषहरु बीचको असमानताको अवस्था निरन्तर छ । जातीय भेदभाव र छुवाछुत तथा बाल बिवाह, बहु बिवाह, छाउपडी प्रथा जस्ता सामजिक संरचनाले दलित तथा महिला समुदायलाई सामाजिक, आर्थिक, राजनीतक तथा मनोवैज्ञानिक रुपमा सबै समुदाय भन्दा पछि रहन बाध्य बनाएको कुरा लुकाउन मिल्ने तथ्य होइन । समाज र राज्यका निर्णय गर्ने स्थानमा सम्पन्न व्यक्तिहरुको हालीमुहाली भएको कारणले स्रोतसाधनको गरीबमुखी न्यायोचित वितरण हुन नसकी गरिब तथा महिलाहरु सधै निरीह रहिरहने अवस्थाको निरन्तरताा अझै कायम नै छ ।

यी सबै पक्षहरु र आवाजहरुलाई सम्बोधन गर्दै नेपालको संबिधानले पनि वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैंगिक विभेद र सबै प्रकारका

जातीय छुवाछूतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गरेको छ । राष्ट्रले संबिधान मार्फत गरेका प्रतिवद्धताहरुको व्यवहारिक कार्यान्वयन गर्न सबै क्षेत्रको तत्परता, योगदान र पैरवीमा निर्भर गर्दछ ।

यसै गरी जयपृथ्वी नगरपालिका सुदुर पश्चिम प्रदेशको बझाङ जिल्लामा पर्ने स्थानीय तह हो । यस नगरपालिकामा दलित, ब्राम्हण, क्षेत्री र सघन बसोवास रहेको पिछडीएको क्षेत्र पनि हो । यस क्षेत्रमा पहाडी दलित र गैर दलित समुदाय रहेको हुदा, सामाजिक विभेदको रुपमा रहेको जातीय छुवाछुत एकदमै दर्दनाक अवस्था रहेको छ । साथै छाउपडी प्रथा र बाल बिवाह तथा बहु बिवाहहरु, जबरजस्ती विवाह, विभेदपूर्ण लिङ्ग छनोट तथा जातीय विभेदका कारण दलित समुदाय तथा विभिन्न जाती भित्रका महिलाहरुको सार्वजनिक धारा, मन्दिर र सार्वजनिक तथा निजि स्थानमा समेत पहुँज छैन तसर्थ "बेलडाडी गाउँपालिकाको हानिकारक प्रचलन अन्त्य सम्वन्धि नीति–२०७८ " तर्जुमा गरिएको छ ।

२. अन्तराष्टिय प्रतिबद्धताहरु :

- दिगो विकासका लक्ष्यहरूको कार्यसूची (SDGs) (सन् २०१६–२०३०) मा समेत हानिकार प्रचलन अन्त्य गर्ने विषयलाई प्राथमिकताका साथ समाबेश गरिएको छ ।
- महिलामाथि हुने सबै प्रकारका विभेदहरूको अन्त्य गर्ने महासन्धि १९७९,
- नागरिक तथा राजनैतिक अधिकारका लागि अन्तर्राष्ट्रिय आलेख, १९६६
- सन् २०१३ मा बाल विवाह, कम उमेरमा हुन विवाह तथा जबरजस्ती हुने विवाह सम्बन्धी संयुक्त राष्ट्रसंघीय मानवअधिकार समितिको संकल्प प्रस्ताव (Human Rights Council Resolution on Child, Early and Forced Marriage) लाई नेपाल सरकारले सह-प्रायोजन गरी बाल विवाह विरुद्ध प्रतिवद्धता जाहेर गरेको थियो । त्यसै गरी सन् २०१४ को जुलाई २२ मा बेलायतमा भएको बाल





अर्थ पूर्ण सहभागिता एवं साझेदारी सुनिश्चित गरीनेछ । हानीकारक प्रचलन (वाल विवाह, बहुविवाह, छाउपडि प्रथा, छुवाछुत, सामाजिक कुरुतीहरु) अन्त्यका लागि नगरपालिका स्तरमा संञ्चालित कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गरि वार्षिक रुपमा प्रतिवेदन तयार गरीनेछ ।

(क) हानिकारक प्रचलन विद्यमान रहेका समुदाय, वर्ग र क्षेत्रको खण्डिकृत तथ्याकं संकलन गर्ने ।

(ख) समाजमा विद्यमान बालविवाह, बहुविवाह अन्त्यका लागि गाउँपालिकाले संञ्चालन गरेका कार्यक्रमको अनुगमन गरी प्रतिवेदन तयार गर्ने । सोको आधारमा ग्याप पत्ता लगाई गाउँपालिकालाई थप पृष्ठपोषण प्रदान गर्ने ।

(ग) गाउँपालिका क्षेत्रमा रहेका अन्य विद्यमान हानिकारक प्रचनल र तिनीहरुलाई गाउँपालिकाको कार्यक्रमले संबोधन गर्न सके नसकेको समेत अनुगन गरी प्रतिवेदन गाउा कार्यपालिकमा पेश गर्ने ।

(घ) गाउँपालिका र वडा स्तरमा अनुगमन तथा सुपरिबेक्षण समिति मार्फत अनुगमन गर्ने ।

१५. जिम्मेवारी तोक्ने वा शाखा स्थापना गर्ने र कार्यदल गठन

हानिकारक प्रचलन अन्त्यका लागि योजना तर्जुमा गर्न, कार्यक्रम निर्माण तथा कार्यान्वयनका लागि गाउँ कार्यपालिकाले सामाजिक बिकास शाखाको कर्मचारीलाई सम्पर्क व्यक्तिको व्यवस्था गर्न सक्नेछ

कार्यदलको गठनः

गाउँपालिकाको एकिकृत योजना तर्जुमा समितिले अनुगमन तथा मूलयाङ्कन समितिले वार्षिक रुपमा तयार गरेको प्रतिवेदनका सिफारिसहरु प्रभावकारी कार्यान्वयनका लागि एक अधिकार प्राप्त कार्यदलको गठन गर्न सक्नेछ । उक्त कार्यदल तपशिल वमोजिमको रहनेछ ।

- गाउँपालिकाले छुवाछुत तथा जातीय बिभेद बिरुद्ध बजेट तथा कार्यक्रम तय गरेको हुनेछ ।
- अधिकारको क्षेत्रमा क्रियाशिल गैसस तथा अधिकारकर्मीले पैरवी तथा बहसमा सहयोग गरेको हुनेछ ।
- मौजुदा जातीय बिभेद तथा छुवाछुत सम्बन्धित कानुनको अनुशिक्षण कार्यक्रम संचालन गरी नागरिहरुलाई ज्ञान भएको हुनेछ ।
- गाउँपालिकाले जातीय बिभेद तथा छुवाछुत मुक्त नगरपालिका घोषणामा प्रतिबद्धता व्यक्त गरेको हुनेछ ।

१३. स्रोत व्यवस्थापन

समाजका नकारात्मक कृयाकलापहरुको न्युनिकरण रणनीतिलाई स्थानिय स्तरमा कार्यान्वयन गर्न गराउन आन्तरीक र बाह्य आर्थिक तथा मानविय स्रोत साधनको पहिचान गरीनेछ । जसका लागि पालिका र वडाको आन्तरीक रुपमा बजेट तथा कार्यक्रमहरु विनियोजन गरीनेछ । यसै गरी यस पालिका स्तरमा कार्यरत गैरसरकारी संघ संस्थाहरुको कार्यक्रम संग सहकार्य स्थापित गरीनेछ । जसका लागि वृहत रुपमा आन्तरीक स्रोत, बाहिय स्रोत, सरोकारबाला निकायको नक्सांकन गरी सरोकारवालाहरु सँग पालिकाले वैठकहरु गरी सामुहिक कार्ययोजना बनाई लागु गर्न सक्नेछ ।

१४. संस्थागत संरचना र अनुगमन तथा मूल्यांकन

यस नीतिको कार्यान्वयका लागि संस्थागत संरचना एवं साझेदारी एवं समन्वयको आवश्यकता रहनेछ संस्थागत संरचनाः

(क) गाउँपालिका र वडा स्तरमा समिति गठन को व्यवस्था गरीने र कार्यान्वयका लागि गाउँपालिकाको विषयगत शाखा (सामाजिक विकास शाखा) लाई सम्पर्क विन्दुको रुपमा जिम्मेवार बनाइने छ ।

(ख) सो शाखा मार्फत योजना तर्जुमा एवं कार्यान्वयन गरीनेछ ।

(ग) हानिकारक प्रचलन विद्यमान रहेका समुदायहरुमा समुह मार्फत कार्यक्रम कार्यान्वयको व्यवस्था गरीनेछ ।

(घ) हानिकारक प्रचलन अन्त्यका लागि कार्यक्रम कार्यान्वयन गर्न गाउँपालिका, गैर सरकारी संस्था, निजि क्षेत्र, नागरिक समाज एवं समुदायको





विवाह, कम उमेरमा गरिने विवाह र जबरजस्ती हुने विवाह तथा महिलाको योनिच्छेदन विरुद्धको उच्चस्तरीय शिखर सम्मेलनमा नेपाल सरकारले सन् २०३० सम्ममा नेपालबाट बाल विवाहको अन्त्य गर्न प्रयास गर्ने प्रतिबद्धता जाहेर गरेको छ ।

- ➢ बाल विवाह विरुद्धको प्रयास सार्कसंग आबद्ध रहेको "बालबालिका उपर हुने हिंसा विरुद्धको दक्षिण एशियाली पहल" (SAIEVAC) को एक रणनीतिक कार्यक्षेत्र पनि हो । यसले सार्क मुलुकहरुमा "बाल विवाह अन्त्यका लागि क्षेत्रीय कार्य योजना (२०१५–२०१८)
- ➢ यसका साथै उक्त रणनीतिलाई परिपालना गर्दै नेपाल सरकारको नेतृत्वमा नोभेम्बर ७, २०१४ मा "बाल विवाह अन्त्य गर्न कानुनको प्रयोग गरी जबाफदेहिता बृद्धि" विषयक सार्कस्तरीय गोष्ठी आयोजना गरी "दक्षिण एशियाबाट बाल विवाह अन्त्य गर्नको लागि काठमाडौं आब्हान" (Kathmandu Call for Action to End Child Marriage in South Asia) पनि पारित गरिएको छ ।
- ➢ CRC बाल अधिकार महासन्धि (Child Rights Reservations)
- ➢ भुण हत्या र एसिड आक्रमण सम्बन्धि कानुनी व्यवस्था (Legal Provision on Abortion and Acid act)

३. राष्टिय कानुनी व्यवस्था तथा नीतिहरु

- ❖ नेपाल को संविधान , २०७२ भाग ३ मा गरीएको मौलिक हक र कर्तव्य मा रहेका धाराहरुले विद्यमान हानीकारक प्रचलन हरु लाई न्युनीकरण गर्न मार्गचित्र प्रस्सत गरेको छ । साथै हानीकार प्रचलन लाई न्युनीकरण गर्न तपशिलका प्रयासहरु गरीएका छन् ।
- ❖ मूलुकी ऐन आचार संहिता ,२०७४
- ❖ बाल विवाह विरुद्धको रणनीति, २०७२
- ❖ घरेलु हिंसा र कसुर सजाय ऐन, २०६६
- ❖ छाउपडि प्रथा उनमूलन निर्देशिका, २०६४
- ❖ बोक्सीको आरोप सम्बन्धि कसुर तथा सजायका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७२

४. वर्तमान स्थितिको समीक्षा

बेलडाडी गाउँपालिका भित्र विद्यमान हानिकारक प्रचलनमा बालविवाह, बहुविवाह, छाउपडी प्रर्था, जातीय छुवाछुत विद्यमान कुरीती एवं कुसंस्कार, भ्रुण परीक्षण गरी छोरा नभए भ्रुण हत्या गर्ने चलन, र सामाजिक कुरुतीहरु जस्ता प्रचलनले सामाजिक विचलनका समस्या देखीएको छ । वर्तमान अबस्थामा यस गाउँपालिकामा महिनावारी लाई समेत हानिकारक प्रचलनका रुपमा लिन सकिन्छ किनभने महिनावारीको वेला अलग्गै बस्ने र दुध, दहि खान र प्रसुतिको भएको बेला कुवत बार्ने बाट बन्देज रहनु कतिपय महिलाहरु शौचालयको प्रयोग नगर्नु जसको कारणले महिलाहरुमा सामाजिक एक्लोपन र सामाजिक समस्या रहेको प्रष्ट हुन्छ । कतिपय किशोरीहरु महिनाबारी भएको समयमा बिद्यालयको पठनपाठनबाट बञ्चित हुनु ।

गाउँपालिका न्यायिक समितिमा परेका मुदाहरुको प्रकृति एवं प्रहरीमा पर्ने गरेको उजुरीले समेत समाजमा छुवाछुत विद्यमान रहेको देखिन्छ । सामाजिक, धार्मिक कार्य गर्दा जातीय हिसाबमा भेदभाव रहने गरेको घटनाहरु समाजमा देखिनुले छुवाछुत समाजमा रहेको कुरा स्पष्ट हुन्छ जातीय भेदभाव निजि र सार्बजनिक र धार्मीक स्थानमा ब्याप्त रुपमा देखिएको छ यसको समुल अन्त्यको लागि कानुनको प्रभावकारी कार्यान्वयन आबश्यक छ गाउपालिकामा जातीय भेदभाव तथा छुवाछुत सम्बन्धीका मुद्धाहरु स्थानीय स्तरमा मेलमिलाप हुने भएकोले पनि जातीय भेदभावले प्रसय पाएको देखिन्छ ।

गाउँपालिका भित्र बालविबाह हुने गरेको छ यसको प्रमुख कारण गरीबी, अशिक्षा, सचेतनाको कमी, प्रेम विवाह भागी विबाह हो । बाल विवाहको उजुरी नगर्नु, अधिकाँश बालबिवहका घट्नहरु कारवाही गर्नु भन्दापनि स्थानीय स्तरमा मेलमिलाप गराउनुले समाजिक मान्यता दिए जस्तो देखिन्छ । यसका बावजुत पनि गाउँपालिकाको बार्षिक नीति तथा कार्यक्रम र बजेटमा बाल बिवाह, सबै खालका हिंसा निवारण गर्ने गरी क्रियाकलाप तथा बजेटको ब्यबस्था गरिएको छ । स्थानीय सरकार र गैससहरुले बाल क्लव, किशोरी समूह यूवा क्लव मार्फत बाल विवाह अन्त्य गर्न बिभिन्न खालका सचेतनामुलक कानूनी अधिकारका कार्यक्रम संचालन भएका छन् ।





- टोललाई छुवाछूत मुक्त वनाउन कुन ठाउँमा कस्तो प्रकारको समस्या छ सोही समस्या सवाललाई उठान गरी समाधान गर्ने रणनीति लिनुपर्नेछ (जस्तैः कुनै टोलमा सम्पूर्ण ठाउँमा विभेद छैन तर कुनै ठाउँको धारामा मात्र विभेद छ, मन्दिरमा मात्र विभेद छ भने सोही ठाउँमा कारण पत्ता लगाई समाजका अगुवा, समुदाय, वडाका जनप्रतिनिधिको उपस्थितिमा गतिविधि गरी निराकरण गर्ने योजना तथा समय सिमा तय गरी समाधान गर्ने ।

१२. अपेक्षित उपलब्धी

छाउपडी प्रथाजन्य कुरिती र अन्धबिश्वासमा कमी आएको हुनेछ ।

छाउपडी प्रथाका बिरुद्ध समुदायमा सचेतनाको अभिबृद्धी भएको हुनेछ ।

- बालक्लव किशोरी संजाल तथा अन्य निकाय पहिचान,प्रोत्साहन तथा परिचालन भएको हुनेछ ।
- छाउगोठ मुक्त गाउँपालिका भएको हुनेछ ।
- कानुनको प्रभावकारी कार्यान्वन भएको हुनेछ ।
- उजुरी तथा सूचनाहरु प्राप्त भएको हुनेछ ।
- बालविवाह सम्बन्धि खण्डीकुत तथ्यांक प्रणालीको बिकास भएको हुनेछ ।
- बालविवाह निषेध सम्बन्धि आम संचारको माध्याम मार्फत सूचनाहरु प्रसारण भएको हुनेछ ।
- बिभिन्न लक्षित कार्यक्रम संचालन भएको हुनेछ ।
- बालक्लव, यूवाक्लव, किशोरी सञ्जाल, अन्तरपाटी महिला संजाल मार्फत सामाजिक अभियान संचालन भएको हुनेछ ।
- बिपन्न परिवारका किशोरीहरुलाई गाउँपालिकाले निशुल्क शिक्षाको पहुँचमा अभिबृद्धी गरी बालविवाहको दर घटेको हुनेछ ।
- जातीय बिभेद निषेध गर्न सचेतनामुलक कार्यक्रम संचलन भएको हुनेछ ।

- यूवक्लव, किशोरकिशोरीहलाई जीवन उपयोगी सीप, दौतरी शिक्षा सीपमुलक शिक्षा प्रदान गरी आय आर्जन सम्बन्धि क्रियाकलाप संचालन गरी बलविवाह बिरुद्ध नेतृत्व र क्षमता विकास गर्ने ।
- बालविवाह, बहुविवाह र जबरजस्ती विवाह बिरुद्ध मुक्त टोल र वडा घोषणा गर्न टोल बिकास संस्था र समुदायमा आधारीत संस्थाहरु ब्यापकरुपमा परिचान गर्ने ।
- स्थानिय तहका कार्य समितिहरुमा दलित समुदायको सुनिश्चित हुने गरी प्रतिनिधित्वको व्यवस्था गर्ने ।
- दलित र दलित गैर दलित विचको असमानता र आन्तरिक विभेदको सम्बोधनमा पहिलो प्राथमिकतामा विशेष पहलहरु गर्ने ।
- नीति निर्माण र कार्यान्वयनका लागि अनुसन्धानमा आधारित पैरवी कार्यक्रमहरु गर्ने ।
- दलित तथा गैरदलित, पुरुष तथा महिलाहरु बीचको विद्यमान विभेदलाई निषेध गर्न दलित गैरदलित, महिला पुरुष, सासु र बुहारी विचका सहकार्यलाई प्रवर्द्धन गर्ने ।
- मोडेल वडा बन्ने क्रम मोडेल गाउँ/टोलबाट सुरु हुन्छ । टोल छुवाछूत मुक्त नभई वडा छुवाछूतमुक्त नहुने हुनाले सम्वन्धित वडालाई छुवाछूतमुक्त घोषणा गर्नु पहिले गाउँ/बस्ती/टोललाई छुवाछूत मुक्त टोल (मोडेल गाउँ) बनाउने रणनीतिमा अभियान सञ्चालन गर्ने ।
- वडाका कुन कुन गाउँ/बस्ती/टोल पहिले छुवाछूत मुक्त बनाउन सकिन्छ त्यसको म्यापिङ गरीनेछ । त्यसका लागि सम्बन्धित वडा सदस्य, जनप्रतिनिधिहरु, सामाजिक अगुवा तथा अन्य सरोकारवालाहरुको सहयोग गर्ने ।





समाजमा विद्यमान लैङ्गिक बिभेद, जातीय छुवाछुत तथा असमानता, विभेदकारी गलत सामाजिक व्यवहार मूल्य, मान्यता, धर्म संस्कृति, लैंगितामा अधारित हिंसा, यौन दुरव्यबहार एबं शोषण र उत्पीडन, गरिवी आदि जस्ता विसंगतीहरुलाई निरुत्साहित गर्न नेपाल सरकारद्धारा निर्मित राष्ट्रिय नीति तथा कानुनहरु प्रत्यक्ष सहयोग पुग्नेगरी बेलडाडी गाउँपालिकाले लैंगिक समानता तथा सामाजिक समाबेशीकरण नीति अवलम्बन गर्ने छ । गाउँपालिकाले सबै प्रकारका हिंसा पीडित महिलालाई सहयोग पुरयाउने छ ।

५. नीति तर्जुमाको आबश्यकता र औचित्य

समाजमा रहेका वर्तमान हानिकारक प्रचलन को अन्त्यका लागि नगरपालिकाले बर्षिक नीति तथा कार्यक्रम संञ्चालनमा सहजता प्रदान गर्न र संञ्चालित कार्यक्रम लाई व्यवस्थीत गर्नका लागि नीतिको तर्जुमाको आवश्यकता र औचित्य छ ।

- बिद्यमान कुरिती तथा कुसंस्कारका कारणले समाज हुने हानीकारक अभ्यासहरुको अन्त्य गर्ने,
- समाजमा हुने गरेका हानीकारक अभ्यासहरु गर्ने गराउने ब्यक्तिलाई कानुनको दायरामा ल्याउने र पीडितलाई उपयुक्त क्षतिपुर्तिको ब्यबस्था गर्न,
- हानीकारक अभ्यासवाट प्रभाबित महिला र वालवालिकामा पार्ने सामाजिक ,शारिरीक र मनोवैज्ञानिक असरमा कमी ल्याउन,
- संविधान र स्थानीय सरकारले जारी गरेका ऐन तथा कानुनको मर्म अनुरुप कार्य गर्न र गराउन,
- दिगो बिकास लक्ष्य (सन् २०१६–२०३०) लाई स्थानीयकरण गर्न सहयोग पुग्ने ।

६.दीर्घकालिन सोंच, लक्ष्य र उद्देश्यहरु :–

क. दीर्घकालिन सोच

नेपालको संविधान, ऐन, कानुन र नीतिको मर्म र वञ्चितिमा परेका पारिएका महिला, वालवालिका तथा दलित समुदायको आकांक्षा अनुरुप समानता र सामाजिक न्यायमा आधारित लोककल्याणकारी, समावेशी स्थानिय साशनको निर्माणमा योगदान गर्ने ।

ख. लक्ष्य

भेदभाव रहित समतामूलक समाजको विकासका माध्यमबाट हानीकारक प्रचलन रहीत समाज निर्माण गरी सामाजिक, आर्थिक, साँस्कृतिक अवस्थामा सुधार गर्ने ।

ग. उद्देश्यहरु

यो नीति तर्जुमा गर्नुका निम्न उद्धेश्यहरु रहेका छनः

- शिक्षा तथा जनचेतनाको अभिबृद्धी गरी छाउपडी प्रथाजन्य अन्धबिश्वास र अभ्यासमा परिवर्तन ल्याई महिला अधिकारको सम्मान, संरक्षण र परिपुर्ति गर्नु ।
- बाल बिबाह र हानिकार परम्मरागत अभ्यास बिरुद्ध शिक्षा सचेतना लगाएतका प्रबर्द्धनात्मक उपायद्धारा बालबिबाहको जोखिममा रहेका किशोर किशोरीहरुको सशक्तिकरण गर्ने ।
- बाल बिवाह हुन नदिन समुदायमा आधारित निगरानी प्रणालीको बिकास गर्ने ।
- परम्परागत रुपमा चलिरहेको अन्धबिश्वासक र अभ्यासलाई जातीय बिभेदमा परिबर्तन ल्याई मानब अधिकारको सम्मान गर्नु ।
- हानिकारक प्रचलनको अन्त्यका लागि कानुन निमार्ण गर्ने र परिस्थिती तथा समयको माग अनुसार ती कानुनहरुमा संशोधन एवं परिमार्जनगर्ने ।
- हानीकारक प्रचलनका विरुद्ध सरकारी, गैर सरकारी, निजि क्षेत्र र नागरिक समाजको सहभागिता सुनिश्चित गर्ने ।
- हानीकारक प्रचलनहरुलाई प्रोत्साहित गर्ने प्रचलीत सामाजिक, साँस्कृतिक र परम्परागत मान्यतामा आधारित सोच तथा व्यवहार परिर्वतनका लागि नागरिक समाज, बालबालिका, किशोर-किशोरी, अभिभावक, शिक्षक, धार्मिक, राजनैतिक तथा सामुदायिक अगुवा, विभिन्न संगठित संघ संस्था लगायत अन्य सम्बद्ध सरोकारवालाहरूको क्षमता विकास गरी परिचालन गर्ने ।





- विभिन्न तहका समितिमा सामाजिक धार्मिक अगुवाहरु (पुरोहित, धामी, भाक्रीको सहभागीता गराईनेछ ।

११.निति कार्यान्वयनका लागि योजना तथा कार्यक्रमहरु

वडा र पालिका स्तरमा रहेका सरोकारवाला निकायहरु विच समन्वय र सहकार्यका लागि परामर्श बैठक संचालन गर्ने ।

- छाउपडी प्रथाजन्य कुरीतिबाट प्रभावित महिला तथा किशोरीहरु स्वास्थय तथा पोषण र कानूनी सम्बन्धमा जनचेतना अभिबृद्धिका कार्यक्रहरु संचालन गर्ने ।
- छाउपडी प्रथाजन्य कुरीति मुक्त गाउँपालिका घोषणा गर्ने अभियान संचालन गर्ने ।
- छाउपडी प्रथाजन्य कुरीतिको क्षेत्रमा महत्वपूर्ण योगदान गर्ने व्यक्ति एवं सस्थाहरुलाई उचित प्रोत्साहनको ब्यबस्था गर्ने ।
- महिला तथा किशोरीहरुका लागि सेनेटरी प्याडको ब्यबस्था गर्ने ।
- सम्पूर्ण हानिकार सोच, मुल्य मान्यता तथा ब्यबवहारहरु नगरपालिका स्थित महिला तथा बालबालिका शाखा र सबै वडाहरुले सम्बधि खण्डीकृत तथ्यांक संकलित गर्ने र ब्यबस्थित गर्ने ।
- बाल विवाह निषेध गर्न टोल बिकास, संस्था महिला निगरानी समूह, बालक्लव, किशोरी संजाल, यूवा क्लव, अन्तरपार्टी महिला संचालहरुलाई समुदायमा ब्यापक परिचालन गर्ने ।
- बालविवाह निषेध सम्बन्धि कानूनी प्राबधानहरुको बारेमा आम संचालनको माध्यमद्धारा प्रचार प्रसार गर्ने ।
- बालविवाह बहुविवाह र जबरजस्ती विवाह बिरुद्ध किशोरी संजाल, अन्तरपार्टी महिला संजाल बाल क्लव आदिसंग नियमित बैठक, अन्तरक्रिया र छलफलका कार्यक्रम संचालन गर्ने ।

## १०. नीति कार्यान्वयनका लागि संस्थागत संरचना

यो नीतीको व्यावहारीक कार्यान्वयनका लागि तपसिल वमोजिमका विभिन्न तहका कार्यन्वयन तथा अनुगमन समितिको गठन गरी परिचालन गरिनेछ । ती विभिन्न समितिहरु कम्तिमा ७ जना र बढिमा १५ जनाको सहभागितामा गठन गरीने छ । पालिका स्तरमा कार्यपालिको अध्यक्षको संयोजकत्वमा हुनेछ र पालिकामा सवै वडा अध्यक्ष सदस्य रहनेछन ।

वडा स्तरमा वडा अध्यक्षको संयोजकत्वमा हुनेछ र उक्त वडाका सदस्यहरु सदस्य रहेछ र सदस्य सचिवको काम वडा सचिव रहनेछन् यसरी गठन गरीएका समितिहरुमा आवश्यक्ता अनुसार अन्य सदस्यहरु थप गरीने छन । विभिन्न समितिको गठन गर्दा निम्न बमोजिम विषयलाई ध्यान दिईनेछ ।

- विभिन्न तहका निति कार्यान्वयन समितिरु गठन गर्दा दलित समुदाय भित्रको विविधतालाई समेट्नु पर्नेछ । उक्त समिति भित्र कम्तीमा ३० प्रतिशत दलित समुदायको सहभागीता हुनुपर्नेछ ।
- उक्त समितिहरुमा कम्तिमा ३३प्रतिशत महिलाको प्रतिनिधित्व सुनिश्चित गरिनेछ र निर्णायक पदमा पनि उल्लेख्यमात्रामा महिला र दतिलको सहभागीता हुनुपर्नेछ ।
- विभिन्न तहका समितिहरुमा उक्त क्षेत्रमा कार्यरत स्थानिय संघ, संस्था, टोल बिकास संस्था, बालक्लव किशोरी समूह र युवाहरुको सहभागिता गराईनेछ ।
- विभिन्न तहका नीती कार्यान्वयन समितिरुको काम, कर्तव्य र जिम्मेवारी तपसिल बमोजिमको रहेछ ।
- नीतिको दिर्घकालीन सोच र उद्देश्यहरुलाई सफल बनाउन विभिन्न तहमा योजनाहरु तयार गर्ने र कार्यान्वयन गर्ने ।
- विभिन्न सरोकारवालाहरु संग समन्वय र सहकार्य स्थापित गर्ने र विभिन्न निकायहरुलाई परिचालन गर्ने ।





## ७. नीतिहरु

यस हानीकारक प्रचलन अन्त्यको नीतिहरु देहाए बमोजिम रहेका छन् ।

- छाउपडी प्रथाजन्य कुरीति उन्मुलन अभियानमा सरोकारवाला निकायहरुलाई परिचान गर्ने ।
- समुदायम बालविबाह निषेध गर्न मौजुदा कानुनको सचेताना र परिपालनमा जोड दिई कानुनी कारवाहीलाई प्रभावकारी कार्यान्वयन गर्ने ।
- महिनाबारी र सुत्केरी भएको महिलाहरुलाई स्थानीय स्वास्थय संस्था मार्फत कुखत बार्ने सम्बन्धी मनो सामाजिक परामर्श सेवा संचालन गर्ने ।
- गाउँपालिकालाई जातिय विभेद तथा छुवाछुत अन्त्य गरी सशक्त नमुना पालिकाको रुपमा परिचित र स्थापित गराउने ।
- गाउँपालिकालाई बाल विवाह, बहुविवाह तथा छाउपडी प्रथा मुक्त घोषणा गर्ने ।
- भ्रुण परीक्षण तथा हत्या गर्ने हानिकारक प्रचलन सम्बन्धि सचेतिकरण कार्यक्रम संचालन गर्ने ।
- हानिकारक प्रचलन अन्त्यका लागि नगरपालिकाको नीति, कानुन, मापदण्डहरुको पुनरावलोकन, संशोधन एवं परीमार्जन गर्ने ।
- गाउँपालिकाको आवधिक, बार्षिक योजनाहरुमा अल्पकालीन एवं दिर्घकालीन कार्यक्रमहरु समावेश गर्ने ।
- गाउँपालिकाको सेवा प्रवाह गर्ने सयन्त्र हानिकारक प्रचलन न्युनीकरण हुनेगरी कार्यक्रम तय गरी कार्यान्वयन गर्ने ।
- गाउँपालिका भित्रका समुदायमा विद्यमान हानीकारक प्रचलन र त्यसबाट सिर्जित सामाजिक एवं साँस्कृतिक समस्याहरुलाई कम गर्न विषेश कार्यक्रहरु सञ्चालन गर्ने । हानीकारक प्रचलन न्युनीकरणका

लागि संस्थागत र व्यक्तिगत क्षमता विकासका क्षेत्र पहिचान गरी कार्यक्रम निर्माण एवं कार्यान्वयन गर्ने ।

- ➢ समाजमा रहेको जातीय विभेद र छुवाछुत जस्तो सामाजिक कुरीती को अन्त्य गरी सामाजिक सदभाव र सहिंष्णुता कायम गराउने ।
- ➢ संविधान, ऐन, कानुन र नितीको मर्म अनुरुप जातीय विभेद तथा छुवाछुत को अन्त्य गर्न स्थानीय तह सरोकारवालाहरु नागरिक समाजको सहकार्यलाई सुदृढ गर्ने ।

८. रणनीतीहरु

समाजमा विद्यमान हानीकारकक प्रचलनहरु वालविवाह, बहुविवाह, कुवत बार्ने (प्रसुतिको समयमा संन्तुलित भोजन खान नदिने) छाउपडी प्रर्था, दाईजो, भ्रुण परीक्षण तथा हत्या गर्ने चलनलाई अन्त्य गरी समता मूलक एवं न्यायपूर्ण समाजको निर्माण गर्न एवं समता र सामाजिक समावेशीकरणका लागि संस्थागत संयन्त्रको आवश्यकता र प्रभावकारी सेवा प्रवाहको आवश्यकता पर्दछ । यस नीतिमा गाउँपालिको नीति कार्यक्रम, समग्र संरचना र कार्यक्रमले सुधार गर्न चाहेका क्षेत्र र कार्य प्रणालीलाई अझ बढी प्रभावकारी बनाउन आवश्यक व्यवस्था गरीएको छ ।

यस हानीकारक प्रचलन विरुद्धको नीतिका रणनीतिहरु देहाए बमोजिम रहेका छन् ।

- छाउपडी प्रथाजन्य कुरीति उन्मुलन गर्ने अभियानमा गाउँपालिका स्थित धामी झाक्री,बडघर,भल्मन्सा, पास्टर,आमा समुह, उपभोक्ता समिति,स्थानीय गैससहरु, अन्तरपाटी महिला संजाल, आम संचारका माध्यामहरु परिचालन गर्ने ।
- छाउपडी प्रर्थाजन्य कुरीति उन्मुलन गर्न गाउँपालिकाले बार्षिक नीति तथा कार्यक्रममा समाबेश गरेर बजेट ब्यबस्थापन गरी योजना सहित अभियान संचालन गर्ने ।





प्रचलन अन्त्यका लागि कार्यक्रम र बजेटको अनिवार्य व्यवस्था गरिनेछ ।

- गाउँपालिकामा सम्पर्क विन्दुमा रहेको सामाजिक विकास शाखा, विषयगत शाखा, अन्य साझेदार निकाय, संग समन्वय गरी हानिकारक प्रचलन अन्तका लागि कार्य गरिने छ ।
- हानिकारक प्रचलन विद्यमान रहेका समुदायहरुको सशक्तिकरण गरि नगरपालिका क्षेत्रमा उनीहरुको सहभागिता र क्रियाशिलता लाई बढाईनेछ ।
- गाउँपालिका क्षेत्रमा विद्यमान रहेका हानिकारक प्रचलनमा परेका समुदायहरुलाई आधारभुत सेवा प्रदान गर्न विशेष संयन्त्र निर्माण गरीनेछ ।
- हानिकारक प्रचलन अन्त्यका लागि नगरपालिका, वडा स्तरमा समिति निर्माण गरी समस्याको संबोधन गरीनेछ ।
- सामाजिक सहभागिता, सक्रियताका लागि युवा, किशोरी संञ्जाल, एवं स्थानिय सामुदायिक संस्थाको सहभागितामा बृद्धि गरिनेछ ।
- सामाजिक उत्तरदायि कार्यक्रमको संञ्चालन गर्ने जस्तै समाजमा विद्यमान हानीकारक प्रचलनका घटना समेटी सार्वजनिक सुनवाईका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- गाउँपालिका क्षेत्रमा विद्यमान हानिकारक प्रचलन अन्त्यका लागि व्यवहार परीर्वतन गर्न कार्यक्रम निमार्ण तथा संञ्चालन गरिनेछ ।
- स्थानीय स्तरमा रहेका एफएम रेडियोहरु, नगरपालिकाको वेबसाईट, अनलाईन मिडियाहरु र अन्य सामाजिक संञ्जालको बढी भन्दा बढी परीचालन गरि हानिकारक प्रचलनको बिरुद्धमा प्रचार प्रसार गरिनेछ ।

- विभेदका सामाजिक मुल्य मान्यता र प्रणालीहरुमा सुधार र परिवर्तन गर्न प्रगतिशील नीति निर्माण र कार्यान्वयनका लागि अनुसन्धानमा आधारित पैरवी कार्यक्रमहरु गरिने छ ।
- दलित तथा गैरदलित, पुरुष तथा महिलाहरु बीचको विद्यमान विभेदलाई न्यूनिकरण गर्न दलित गैरदलित, महिला पुरुष, सासु महिला र बुहारी महिला विचका सहकार्यलाई प्रवर्द्धन गरिने छ ।
- स्थानिय तहका कार्य समितिहरुमा दलित समुदायको सुनिश्चित हुने गरी प्रतिनिधित्वको व्यवस्था गरिने छ ।
- जातीय बिभेद तथा छुवाछुत सम्बन्धि मुद्धाहरु दर्त्ता गराउन मानबअधिकारकर्मी दलित अधिकारकर्मी र सामाजिक अभियन्तहरुलाई परिचालन गरिने छ ।
- गाउँपालिका क्षेत्रमा जातीय छुवाछुत अन्त्यका लागि विशेष कार्यक्रम बनाई लागु गरिनेछ । उक्त कार्यक्रमा संचालन गर्न टोलबिकास संस्था परिचालन गरिने छ ।
- समाजमा विद्यमान हानिकारक प्रचलन अन्त्य गर्न समुदाय, टोल, वडा र नगरपालिकामा विद्यमान हनिकार प्रचलन मुक्त समुदाय, टोल, वडा र नगरपालिका घोषणाका लागि कार्यक्रम बनाई लागु गरिनेछ ।
- वर्तमानमा उपलब्ध भएका कानुनको बारेमा अनुशिक्षण कार्यक्रमहरु संञ्चालन गरिनेछ ।
- गाउँपालिको आबधिक योजना पाश्वचित्र, रणनीतिक योजना र मध्यकालिन खर्च संरचना तयार गरी लागू गरिने छ ।
- गाउँपालिको आबधिक योजना गुरु योजना पाश्वचित्र, रणनीतिक योजना र मध्यकालिन खर्च संरचना योजना तर्जुमा गर्दा हानीकारक





- गाउँपालिकाले स्थानीय गैससहरुको समन्वय तथा सहयोगमा ५ वटा वडामा बालविबाहको जोखिमा रहेका र बिध्यालय बाहिर रहेका किशोरकिशोरीहरुलाई सेचतना, सीप, कानूनी सचेतना तथा शिक्षाको माध्यामबाट सशक्तिकरण गरी बालविवाह बिरुद्ध परिचालन गर्ने ।
- वालविवाह तथा अन्य हानिकारक अभ्यासको अन्त्यका लागि समुदाय बिशेष सचेतना कार्यक्रमहरु संचालन गर्ने ।
- मानव अधिकार तथा छुवाछुतसँग सम्बन्धित मौजुदा कानुनहरुको अभियन्ताहरु मार्फत समुदाय स्तरमा सचेतीकरण कार्यक्रम संचालन गर्ने ।
- विभेदपूर्ण लिङ्ग छनोटले गर्दा आउने परिणामको बारेमा समुदाय स्तरमा सचेतीकरण कार्यक्रम संचालन गर्ने ।
- गाउँपालिका अर्न्तगतका महिला, बालबालिका, दलित, अपाङ्गता भएका ब्यक्तिहरु, यौनिक अल्पसँख्यक, सिमान्तकृत तथा पछाडी परेको पारिएका वर्ग र समुदायको क्षमता अभिबृद्धी गर्ने ।
- गाउँपालिका स्थित मानव अधिकार तथा दलित अधिकारको क्षेत्रमा काम गर्ने संघ संस्था र संजालहरुलाई बहस तथा पैरवीमा परिचालन गर्ने ।
- गाउँपालिका अर्न्तगतको संरचनागत तहमा मानव संशोधन लैससासको आधारमा परिपूर्ति गर्ने कुराको सुनिश्चितता गर्ने ।
- गाउँपालिकाले हानिकारक प्रचलनहरु अन्त्य हुनेगरी संस्थागत गर्न आवश्यक कानुन तथा कार्यविधि तर्जुमा तथा परिमार्जन र पुनरावलोकन गर्ने ।
- गाउँपालिकाले हानिकारक प्रचलनहरु अन्त्य गर्ने नीति कार्यन्वयन तथा आन्तरिकीकरण लागि सरोकारवाला निकाय तथा संघ संस्थासँग समन्व्य तथा सहकार्य गर्ने ।
- गाउँपालिकाको वडा, क्षेत्र, समुदायमा विद्यमान हानिकारक प्रचलनबाट सिर्जित सामाजिक एवं साँस्कृतिक समस्याहरुलाई अन्त्य

गर्न सामुदायिक सचेतना र सशक्तिकरण कार्यक्रम समुदायका अगुवा र अभियन्ता मार्फत संञ्चालन गर्ने ।

- गाउँपालिकाले विद्यमान हानीकारक प्रचलनका विरुद्ध स्थानीय रेडियो, सामाजिक संञ्जालहरुको परिचालन मार्फत र सन्देश प्रबाह गर्ने र होडिङ्ग वोर्डको स्थापना गर्ने ।
- सरोकारवाला पक्षको संस्थागत एवं व्यक्तिगत क्षमता विकास गर्ने कार्यक्रमको निर्माण एवं कार्यान्वयन गर्ने ।
- हानिकारक प्रचलन अन्त्यका लागि संघीय सरकार, प्रदेश सरकार, अन्य साझेदार बिकास संस्थासँग आवश्यक समन्वय एवं सहकार्य गर्ने ।
- गाउँपालिकाको सहभागिता मुलक योजना तर्जुमाको प्रक्रियामा लक्षित समुदायको क्षमता अभिवृद्धि गरि अर्थपुर्ण सहभागिताको सुनिश्चितता गर्ने ।
- गाउँपालिका अर्न्तगतका जनप्रतिनीधी तथा कर्मचारीको क्षमता बिकासमा अभिबृद्धि गर्ने ।
- समाजमा विद्यमान हानिकारक प्रचलन अन्त्यका लागि संञ्चालित कार्यक्रमहरुको प्रभावकारी रुपमा अनुगमन तथा मूल्यांकन गर्ने ।
- नेपाल सरकारले प्रतिबद्धता गरेको दिगो विकास लक्ष्य प्राप्तीका लागि गाउपालिका भित्र विभिन्न कार्यक्रमहरुको सञ्चालन गर्ने ।
- नेपाल सरकार तथा बिकासका साझेदार संस्थाहरूको सहकार्यमा समाजमा विद्यमान हानिकारक प्रचलन अन्त्यका लागि स्रोतको पहिचान, विनियोजन र प्रभावकारी परिचालन गर्न संस्थागत क्षमता अभिबृद्धि गर्ने ।





९.कार्यनीति :

गाउँपालिकाका हानिकारक प्रचलन न्युनिकरणका लागि कार्यनीतिहरु:

- छाउपडी प्रथाजन्य कुरीति बिरुद्ध मुलुकी फौजदारी (संहित) ऐन २०७७ मा रहेको कानुनी ब्यबस्था तथा अन्य प्रचलित कानुनी ब्यबस्थाहरुको प्रभवकारी कार्यान्वयन गरिने छ ।
- छाउपडी प्रथाजन्य कुरीति बिरुद्ध प्रयास दिएको व्यक्ति, परिवार संघसंस्था बिरुद्ध बिभिन्न माध्यामद्धारा उजुरी एवं सूचना गर्न ब्यबस्था गरिने छ ।
- सुत्केरी महिलाहरुको तथ्यांक संकलन गरी कुवत बार्ने हानिकार अभ्याले महिलामा पर्ने प्रतिकुल असर सम्बन्धि सचेत गर्न महिला स्वास्थय स्वयमसेवीकाहरुलाई वडा स्तरमा परिचालन गरिने छ ।
- बालविवाह अन्त्य गर्न नगरपालिकाले विशेष कार्यक्रम निमार्ण तथा कार्यान्वयन गरिनेछ ।
- बालविवाहको अबस्था तथा स्थितीको खण्डीकृत तथ्यांक राख्ने प्रणालीको विकास गरिने छ ।
- वालविबाह अन्त्यका लागि बालमैत्री एवं लैंगिकमैत्री बिध्यालयको मापदण्ड तयार गरी क्रमश लागू गरिने छ ।
- विभेदपूर्ण लिङ्ग छनोट अन्त्यका लागि राष्ट्रिय रणनीति २०७८–२०८८ कार्यान्वयन र सहजिकरणका लागि स्थानिय तह सहजिकरण समिति मार्फत कार्ययोजना बनाई कार्यान्वयन गरिने छ ।
- गाउँपालिकाका सबै वडाहरुमा किशारी समूह, बाल क्लव, यूवा क्लवलाई बालविवाह बिरुद्ध सचेतना जगाउन बिभिन्न अभियानमा सरिक गराइने छ ।